राष्ट्र हित ! उद्योग हित !! श्रमिक हित !!!

# राष्ट्रिय श्रमिक महासंघ नेपाल

गुह्येश्वरी मार्ग-८, काठमाडौं
फोन नं.: ९८५५०२०२८८
Email : rashtriyashramikm@gmail.com

मिति :२०८२।०३।२८

## प्रेस विज्ञप्ति

राष्ट्रिय श्रमिक महासंघ नेपालले २०७७ साल पौषमा ऊखु किसानहरुको आन्दोलनमा प्रमुख भूमिका निर्वाह गरि वर्षौ देखिको वक्यौता करोडौ रकम मिल मालिकहरुबाट उखु किसानहरु लाई भुक्तानी गराउन सफल भयो र अनवरत रुपमा ऊखु किसानहरुको समस्याका बारेमा सम्बन्धित निकायहरुसंग समन्वय गरि समाधान गर्न सहयोग गरिरहेको छ ।

हाम्रो देश कृषि प्रधान देश हो । कृषिमा आधारित कृषक तथा श्रमिकहरुको संस्था धेरै बढी छ । नेपाल सरकारले विगत ३० बर्ष देखि उखु किसानलाई दिँदै आइरहेको प्रोत्साहन अनुदान कृषि तथा पशुपन्छी विकास मन्त्रलायले रु. ७० प्रति क्विन्टल दिने प्रस्ताव गरेपनि मन्त्रीपरिषदले उक्त प्रस्ताव स्विकृत गरेन, जसले गर्दा उखु किसानहरुले उक्त अनुदान अव उपरान्त नपाउने भएका छन् ।

एकातिर कृषिमा आत्मनिर्भर बन्ने तथा औद्योगिकीकरण गरी रोजगारी सृजना गर्ने सरकारको नीति रहेको छ भने अर्को तर्फ त्यसका विपरीत किसानलाई दिँदैआएको अनुदान कट्टा गर्ने निर्णय भएको हुदाँ राष्ट्रिय श्रमिक महासंघ नेपाल उक्त निर्णयको कडा विरोध गर्दछ ।

यस विषयलाई लिएर राष्ट्रिय श्रमिक महासंघ नेपालमा आबद्ध रहेका राष्ट्रिय कृषि श्रमिक संघ नेपालले समाधानका लागि यसै असार महिनामा बहुसंख्यक जिल्लाहरुमा २ बुद्धे माग पत्र प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई ज्ञापनपत्र दिईएको थियो ।

साथै राष्ट्रिय श्रमिक महासंघ नेपालले विगतमा पनि उखु किसानको अन्दोलनमा पूर्ण सहयोग गरी निष्कर्षमा पुयाएको र अहिले पनि नेपाल सरकारद्धारा उखु किसानलाई प्रोत्साहन अनुदान अबको एक महिना भित्र दिने निर्णय नगरेमा संघर्षमा उत्रिने जानकारी गराउदछौं ।

**तपसीलका मागहरु :-**

१. सरकारले आ.व.२०७८।०७९,२०७९।०८०, २०८०।०८१ मा निर्धारण गरेको न्यूनतम मुल्य मध्ये भुक्तानी दिन बाँकी क्रमस: रु.७.७७, रु.२० र रु.२५ प्रति क्विन्टल उखु किसानलाई भुक्तानी गरियोस् ।

२. देशभरिका किसानलाई आवश्यक मल, डी.ए.पी, युरिया आदि हरेक जिल्लामा यथासिघ्र उपलब्ध गराईयोस् ।

....................................

गोपाल यादव
राष्ट्रिय महासचिव
(राष्ट्रिय श्रमिक महासंघ नेपाल)